मङ्गलसैन नगरपालिका, नगरकार्यपालिका २०८२ पौष १८ गते बसेको बैठकका निर्णयहरु:

| क्र.सं. | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|
| १ | मिति २०८२ पौष ०१ गते बसेको छैटो कार्यपालिकाबाट भएका निर्णय कार्यान्वयनको समिक्षा एंव सबै वडा अध्यक्षज्यूहरुबाट विविध बिषयमा रिपोर्टङ्ग भयो। |
| २ | नगरसभाको १६ औं अधिवेशन मिति २०८२ पौष २४ गते विहिबारका दिन संचालन गर्ने । |
| ३ | स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा २ बमोजिम **मङ्गलसेन नगपालिकाको कार्यसंचालन निर्देशिका,** २०८२ स्वीकृत गर्ने । |
| ४ | कृषि तथा पशु सेवा शाखामा कर्मचारी अभावका कारण आ.व. २०८१/०८२ बाट संचालनमा आएका पशु तथा कृषि सेवाकेन्द्र खारेज गर्ने। |
| ५ | तपशिलका निवेदकहरुबाट सार्वजनिक संस्था तथा क्षेत्रमा देहाय बमोजिमको रकम भुक्तानि गर्ने ।<br>वडा नं ६ आधारभुत स्वास्थ्यकेन्द्र शौचालय निर्माण रु ६०,००० सरसफाइ शिर्षकबाट<br>बिसाकोट ठुलाघर तिनरुख सडक जालि निर्माण रु ५०,००० अन्य सार्वजनिक निर्माण<br>एन.बि.पशुपंक्षि फर्म १ क्वाइल खानेपानि पाइप, बजारमुल्य खानेपानि शिर्षक<br>अन्तर पालिकास्तरिय महिला भलिबल प्रतियोगिता टिम सहभागि खर्च रु ११६,६३० खेलकुद शिर्षक |
| ६ | आर्थिक वर्ष २०८३।८४ मा कार्यान्वयन हुने गरी संघिय समपुरक अनुदान र विशेष अनुदान तथा प्रदेश समपुरक र विशेष अनुदान अन्तरगत तपशिलका योजनाहरु छनौट गरि मध्यमकालिन खर्चसंचनामा समावेश गर्ने।<br>संघिय तर्फ<br>समपुरक योजनाहरु<br>• वडा नं ५,९,११ र १३ प्रशासनिक भवन निर्माण<br>विशेष योजनाहरु<br>• कुन्ती स्वास्थ्य चौकि भवन<br>• शैक्षिक क्षेत्र सुधार कार्यक्रम<br>प्रदेश तर्फ<br>समपुरक योजना<br>• मंगलसेन खेलमैदान पूर्वाधार निर्माण बहुबर्षिय<br>विशेष योजनाहरु<br>• नवयूवा उद्यम विकास तथा स्वरोजगार कार्यक्रम<br>• मङ्गलसेन बजार नालि तथा ढल निकास निर्माण |

मङ्गलसेन नगरपालिका नगरकार्यपालिकाको कार्यालय मङ्गलसेन, अछाम सुदूरपश्चिम प्रदेश, नेपाल

| | |
|---|---|
| | |
| ७ | आ.व. २०८१/८२ को नगरकार्यपालिकाको चौधौ बैठकबाट स्वास्थ्य संस्थाहरुको एकिकरण र व्यवस्थापन सम्बन्धि अध्ययन गर्न गठित समितिले पेश गरेको प्रतिवेदन, २०८२ स्वीकृत गरियो र उक्त प्रतिवेदन कार्यन्वयन क्रमश गर्दै जाने। |
| ८ | चालु आ.व. २०८२/८३ मा वडा नं. १३ स्थित वाणा शहरी स्वास्थ्य क्लिनिकको भवनको लागि विनीयोजत रकम रु २०,००,००० वितिय हस्तान्तरण सहजिकरणको लागि सामाजिक विकास कार्यालय अछामलाई अनुरोध गर्ने । |
| ९ | चालु आ.व. २०८२/८३ मा मन्दिर तथा देवस्थलमा ५० प्रतिशत उपभोक्ताको लागत सहभागिता रहने गरी कार्यक्रम संशोधन गर्न नगरसभालाई सिफारिश गर्ने । |
| १० | सामाजिक विकास समितिको मिति २०८२ पौष १८ गते विहान बसेको बैठकबाट निर्णय नं ७ बमोजिम सिफारिश भइ आएका निर्णयहरु अनुमोदन गर्ने । |
| ११ | ईन्जिनियरिङ् सेवा, सिभिल समुह, जनरल उपसमुह, सातौं तह ईन्जिनियर श्री खम्मबहादुर केसिलाई सेवा समुह सम्वन्धि विषयमा मास्टर्स डिग्रि अध्ययन पूर्व सहमतिको लागी सुदुर पश्चिम प्रदेश मुख्य मन्त्री तथा मन्त्रीपरिषदको कार्यालयमा सिफारिश गरि पठाउने । |
| १२ | आगामि हिउँदे सभामा तपशिलका ऐन तथा कार्यविधिहरुको विधेयक मस्यौदा तयारी टेबल गर्ने<br>क) **मङ्गलसेन नगरपालिका नगर सभा सचिवालय स्थापना तथा कार्य सञ्चालन कार्यविधि, २०८२**<br>ख) **मंगलसैन नगरपालिका बेरुजु फस्यौंट कार्यविधि,२०८२**<br>ग) **लेखा समिति गठन तथा कार्यसञ्चालन कार्यविधि, २०८२**<br>घ) **आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२**<br>ङ) **नगरसभाको लेखा समिति गठन** को लागि सभामा लैजाने।<br>च) तपशिलका प्रतिवेदन पेश गर्ने<br>आर्थिक विकास समितिको बार्षिक प्रतिवेदन, २०८२<br>सामाजिक विकास समितिको बार्षिक प्रतिवेदन, २०८२<br>पूर्वाधार विकास समितिको बार्षिक प्रतिवेदन, २०८२<br>वनवातावरण तथा विपद व्यवस्थापन विकास समितिको बार्षिक प्रतिवेदन, २०८२<br>सुशासन तथा संस्थागत क्षमता विकास समितिको बार्षिक प्रतिवेदन, २०८२<br>विधेयक समितिको बार्षिक प्रतिवेदन, २०८२<br>अनुगमन तथा मुल्यांकन समितिको बार्षिक प्रतिवेदन, २०८२<br>न्यायिक समितिको बार्षिक प्रतिवेदन, २०८२<br>नगर शिक्षा समितिको बार्षिक प्रतिवेदन, २०८२<br>जिन्सि प्रतिवेदन, २०८२ |

मङ्गलसेन नगरपालिका नगरकार्यपालिकाको मङ्गलसेन, अछाम सुदूरपश्चिम प्रदेश, नेपाल

२०८२/९/१८